# विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**रामजीप्रसाद ढकाल**
त्रि.वि.दर्ता नं. १२०३-८४
क्याम्पस रोल नं. ११० (०६३/६५)
परीक्षा रोल नं. २४०००३६ (दोस्रो वर्ष)

त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन
विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६७

# विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

## शोधपत्र


शोधकर्ता

**रामजीप्रसाद ढकाल**

त्रि.वि.दर्ता नं. १२०३-८४

क्याम्पस रोल नं. ११० (०६३/६५)

परीक्षा रोल नं. २४०००३६ (दोस्रो वर्ष)



त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन
विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६७

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन बिभागको स्नातकोत्तर तहका शोधकर्ता रामजीप्रसाद ढकालले **"विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था"** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...........................................

स.प्रा. जयकृष्ण शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा ब्यबस्थापन बिभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः-२०६७/०६/१९

## शोधसार

मानव जीवनका लागि अत्यावश्यक शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता हर पक्षको आफ्नैकिसिमको प्रशासन यन्त्र हुन्छ र उक्त प्रशासनको सुसञ्चालनमा सुपरिवेक्षणको महत्वपूर्ण स्थान रहन्छ । शैक्षिक योजनाका उद्देश्यहरु व्यावहारिक रुपमा पूरा भए नभएको हेर्ने कार्य सुपरिवेक्षणले नै गर्दछ । यस अर्थमा शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत शिक्षक तथा विद्यार्थीहरुले योजना अनुसारका उद्देश्य पूरागर्न आवश्यक क्रियाकलापहरू गरेका छन  कि छैनन ? कुन हदसम्म उद्देश्य पूरा गरे र उद्देश्य प्राप्तिमा के कस्ता बाधा अड्चन आइपरे ? आदि प्रश्नहरुको उचित लेखाजोखा गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन गर्नुका साथै शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउन शिक्षक तथा विद्यार्थी दुवै पक्षलाई उत्प्रेरित गर्ने कार्य नै सुपरिवेक्षण हो ।

विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्ने, विद्यालय सुपरिवेक्षणमा आईपरेका समस्या पत्ता लगाउने र विद्यालय सुपरिवेक्षणका समस्या समाधानका उपायहरु सुझाउने उद्देश्यका साथ यो शोधकार्य गरिएको  छ । शोधकार्यको सिलसिलामा शिक्षा ऐन नियम, विभिन्न पत्र पत्रिकामा प्रकाशित लेखहरु, विभिन्न आयोगका प्रतिवेदनहरु तथा शिक्षाविद्का विचारहरुलाई समेत सम्बन्धित साहित्यको रूपमा व्याख्या विश्लेषण गरिएको छ । अनुसन्धानमा व्याख्यात्मक तथा वर्णनात्मक विधि अपनाइएको छ भने प्राप्त तथ्य र सूचनालाई व्याख्या विश्लेषण गरी उद्देश्य केन्द्रित वनाइएको छ । नमुना छनौटमा परेको लाली स्रोतकेन्द्रका विद्यालयहरुमा गई सम्वन्धित सरोकारवाला पक्षसँग प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ ।

अध्ययनबाट प्र.अ., स्रोतव्यक्ति, तथा विद्यालय निरीक्षकहरुमा शैक्षिक प्रशासन र विद्यालय सुपरिवेक्षण सम्वन्धी सैद्धान्तिक ज्ञानको कमी रहनु, विद्यालय सुपरिवेक्षणसँग सम्बन्धित व्यक्तिहरु आफ्नो कार्यक्षेत्रमा नगई जि.शि.का.मा आफ्ना कामले आउने शिक्षकहरुसँग आवश्यक विवरण सोधि गलत तथ्याङ्कक सङ्कलन गरी काम चलाउने प्रवृत्ति रहनु, विद्यालय व्यवस्थापन समिति, प्र.अ. र स्रोतव्यक्ति समेतको छनोटमा राजनीतिकरण गर्न, विद्यालय निरीक्षण, अनुगमन र सुपरिवेक्षण तथा अन्य गतिविधिमा जिल्ला शिक्षा कार्यालय मौन रहनुका साथै विद्यालय

सुपरिवेक्षकले आफ्नो काम, कर्तव्य, अधिकार र दायित्व बोध गर्न नसकेकाले विद्यालय निरीक्षण तथा सुपरिवेक्षणमा समस्या देखिएको छ ।

अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुपरिवेक्षकहरुले विद्यालय निरीक्षणमा गएको समयमा नमुना पाठ प्रदर्शन गरी शिक्षकहरुलाई त्यसै अनुसार शिक्षण गर्न अभिप्रेरित गर्नुपर्ने, कुनै एक स्रोतब्यक्ति तथा निरीक्षकले सबै विषयको कक्षा अवलोकन, नमुना पाठ प्रदर्शन र पृष्ठपोषण गर्न सम्भब नहुने भएकोले विषयगत सुपरिवेक्षकहरुको व्यबस्था गर्नुपर्ने, स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकहरुको योग्यता मा. वि. शिक्षकहरुको भन्दा एक तह माथी एम्. एड्. कायम गरिनु पर्ने सुझाव समेत दिइएको छ ।

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले "विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था" शीर्षकमा हुम्ला जिल्लाको लाली स्रोतकेन्द्रमा केन्द्रित रहि शोधपत्र तयार गरिएको छ । शिक्षामा गरिएको लगानी अनुसार विद्यार्थीको सिकाई उपलब्धि र शैक्षिक गुणस्तरमा सुधार ल्याउन, शिक्षण सिकाई क्रियाकलापलाई जीवीत र सक्रिय बनाउन सुपरिवेक्षणको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालयको निरन्तर र नियमित सुपरिवेक्षण विना शैक्षिक उपलब्धि र शिक्षाको गुणस्तर बढाउन सम्भव छैन । त्यसैले विद्यालय सुपरिवेक्षणका सम्बन्धमा विभिन्न खोज तथा अनुसन्धान गरी हुम्ला जस्तो दुर्गम र भौगोलिक विकटता भएको जिल्लामा विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थाको खोज तथा अनुसन्धान गर्ने मनसायले यो शीर्षक छनोट गरिएको हो ।

शोधपत्र लेखनमा शुरुदेखि आफ्नो अत्यन्त व्यस्ततालाई पन्छाउदै सम्पूर्ण विषयमा सुझाव, सल्लाह, प्रोत्साहन र निर्देशनको लागि अमूल्य समय दिई शोधपत्रको सुरुदेखि अन्त्यसम्म अक्षरसः हेरिदिनु हुने शोध निर्देशक सहायक प्राध्यापक जयकृष्ण शर्माज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस कार्यमा आवश्यक सल्लाह र सुझावका साथै सहयोग गर्नु हुने शिक्षा योजना तथा व्यवस्थापन विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका विभागीय प्रमुख उप. प्रा. कुबेरनाथ शर्मा, उप प्रा. रमाकान्त सापकोटा, उप प्रा. देनप्रसाद लामिछाने तथा श्री विश्वराज सुवेदी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधकार्यको सिलसिलामा आवश्यक सुझाब सहित सूचना तथा तथ्याङ्क संकलनमा सहयोग गर्नु हुने लाली स्रोतकेन्द्र अन्तर्गतका प्रा.बि., नि.मा.वि. तथा मा.वि. का प्र.अ., शिक्षक, बि.व्य.स. र शिं.अ.संघका पदाधिकारीज्यूहरुका साथै जि.शि.का. हुम्लाका जि.शि.अ.ज्यू शाखा अधिकृत, विद्यालय निरिक्षक, स्रोतव्यक्तिहरु प्रति पनि आभार प्रकट गर्न चाहन्छु । शोधकार्यमा आवश्यक सामग्री जुटाई मलाई सहयोग गर्नुका साथै अध्ययनमा थप प्रेरणा दिने मेरी जीवन संगिनी मीना र छोरा नयनलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्रलाई कम्प्युटर टाइप गरी पूर्णता दिन सहयोग पुऱ्याउने चितवन कम्युनिकेसन सेन्टर नारायणगढका सुदन नेपाली पनि  धन्यवादका पात्र हुनु  हुन्छ ।

मिति :२०६७ । ६ । १९ रामजी प्रसाद ढकाल

# विषय सूची


सिफासि पत्र

स्वीकृती पत्र

कृतज्ञाता

शोधसार

सँक्षिप्त शब्दावली

विषय सूची

अनुसूची

**परिच्छेद एकः परिचय**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४ अध्ययनको उद्देश्य | १२ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | १२ |
| १.६ अध्ययनका परिसीमाहरु | १२ |

**परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २० |
| २.३ अध्ययनको शैक्षिक उपादेयता | २१ |

**परिच्छेद तीनः अध्ययन बिधि**

| | |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | २३ |
| ३.२ जनसङ्ख्या र नमुना छनौट | २३ |
| ३.३ अध्ययन साधनको छनौट र परीक्षण | २४ |

३.४ तथ्याङ्कको स्रोत र प्रकृति २५
३.५ तथ्याङ्क सङ्कलन प्रकिया २५
३.६ तथ्याङ्कको व्याख्या एवं विश्लेषण प्रकिया २६

**परिच्छेद चारः तथ्याङ्कको व्याख्या र विश्लेषण**
४.१ विद्यालय सुपरिवेक्षणको बर्तमान अबस्था २७
४.२ विद्यालय सुपरिवेक्षणमा आइपरेका समस्याहरु ३०
४.३ विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या समाधानका उपायहरु ३३

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु**
५.१ प्राप्ति ३८
५.२ निष्कर्ष ४०
५.३ सुझावहरु ४२

सन्दर्भ सामग्री
अनुसूची

# संक्षिप्त शब्दावली

| | | |
|---|---|---|
| प्र.अ. | - | प्रधानाध्यापक |
| बि.ब्य.स | - | बिद्यालय बयबस्थापन समिति |
| शि.अ.संघ | - | शिक्षक अभिभावक संघ |
| प्रा.बि. | - | प्राथमिक बिद्यालय |
| नि.मा.बि. | - | निम्न माध्यमिक बिद्यालय |
| मा.बि | - | माध्यमिक बिद्यालय |
| बि.नि. | - | बिद्यालय निरीक्षक |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| क्षे.शि.नि. | - | क्षेत्रिय शिक्षा निर्देशनालय |
| ने.रा.शि.यो.आ. | - | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११) |
| रा. शि.प.यो. | - | राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) |
| रा.शि.आ. | - | राष्ट्रिय शिक्षा आयोग (२०११) |
| उ.रा.शि.आ. | - | उच्चस्तरीय राष्टिय शिक्षा आयोग (२०५५) |
| SLC | - | School Leaving Certificate |
| ASIP | - | Annual Strategy Implementation Plan |
| TSM | - | Teacher Support Mechanism |